# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २६ गते २०११ साल

## भाग १

### प्र. म. राज्य-व्यवस्थाको सूचना

पत्रसंख्या देश फा. र. ६२४ ११–६–०११

तौलिहवा गोस्वाराबाट प्रधान मन्त्रालय राज्यव्यवस्थामा जगेडा रहनुभएका बडाहाकिम श्री अनिरुद्धप्रसादसिंहलाई पाल्पा गौंडामा बडाहाकिममा सरुवा नियुक्ति र, पाल्पाका बडाहाकिम श्री तारकबहादुर शाहलाई प्रधान मन्त्रालयमा रहने गरी झिकाउने २०११।८।१७।५ का दिन मन्त्रिमण्डलबाट निर्णय भएअनुसार ऐनसवालको रीत पुऱ्याई किताब दर्तागर्न क.कि. निजामती फाँटलाई आदेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भै भएको छ। माथि लेखिएका बडाहाकिमहरूलाई पनि म्यादभित्र लेखिएका अड्डामा जाने र घर बुझारथ गर्नुपर्ने जत्तिमा घर बुझारथ गरी गराई ऐन सवालबमोजिम काम काज गराउन आदेश भएको छ।

आज्ञाले—
माणिकलाल,
का. मु. सेक्रेटरी— प्र. म. राज्यव्यवस्था.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग, सिंहदरबार

# प्र. म. राज्यव्यवस्थाको सूचना

संख्या — मा. मे. २६।. १ क १७।२–१०७८।०११ नि. नं. १६३१

मिति २५—६—०११

हालको परिस्थितिबाट सरकारी अड्डाखानाका कर्मचारीहरूले आफ्नो आफ्नो कार्यभार राम्रोसँग संभाली गर्नुपर्ने भएकोले निम्नलिखित अनुसार गर्न गराउन आदेश भएकोले सोबमोजिम गर्नु गराउनुहोला।

१. राज्यव्यवस्थाको स्वीकृतिबेगर कुनै विभाग या अड्डाखानाका कर्मचारीहरूले क्याजुयल लीभलगायत बिदा लिन वा दिन नपाउने।

२. जिल्लाका बडाहाकिम तथा असिस्टेन्ट तहरीरहरूसमेतले आफूलाई ठेकिएका गोस्वारा, गौंडा, अड्डासमेतमा गैसकेको भए तुरुन्त बहाल गरी आफ्ना काम सम्हाली गर्न गराउन आदेश गरी पठाउने।

३. १ दफाका कुरालाई अर्को सूचना प्रकाश नभएसम्म लेखिएबमोजिम गर्नु गराउनुपर्ने।

पुनश्च:—अर्को सूचना नआएसम्मलाई जिल्लाको हाकिम कारिन्दाको हुकमा जिल्ला गौंडा, गढी, गोस्वाराका बडाहाकिमको इजाजत बेगर बिदा दिन लिन नपाउने र बिदा दिनैपर्ने आवश्यक परेमा बडाहाकिमले हेरी मुनासीब बिदाको स्वीकृति दिने र त्यसको विवरण तुरुन्त राज्यव्यवस्थामा पठाउने।

आज्ञाले—
माणिकलाल,
का. मु. सेक्रेटरी,—प्र. म. राज्यव्यवस्था.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.

१०३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# प्र. म. राज्यव्यवस्थाको सूचना

संख्या — मा. प्रे. २६। १ क १७।२–१०७८।०११ नि. नं. १६३३

मिति २५—६—०११

हालको परिस्थितिबाट सरकारी अड्डाखानाका कर्मचारीहरूले आफ्नो आफ्नो कार्यभार राम्रोसँग संभाली गर्नुपर्ने भएकोले निम्नलिखित अनुसार गर्न गराउन आदेश भएकोले सोबमोजिम गर्नु गराउनुहोला।

१. राज्यव्यवस्थाको स्वीकृतिबेगर कुनै विभाग या अड्डाखानाका कर्मचारीहरूले क्याजुयल लीभलगायत बिदा लिन वा दिन नपाउने।

२. जिल्लाका बडाहाकिम तथा … असिस्टेन्ट तहसीलदारसमेतले आफूलाई ठेकिएका गोस्बारा, गौंडा, अड्डासमेतमा गैसकेको भए तुरुन्त बहाल गरी आफ्ना काम सम्हाली गर्न गराउन आदेश गरी पठाउने।

३. १ दफाका कुरालाई अर्को सूचना प्रकाश नभएसम्म लेखिएबमोजिम गर्नु गराउनुपर्ने।

पुनश्चः—अर्को सूचना नआएसम्मलाई जिल्लाको हाकिम कारिन्दाको हकमा जिल्ला गौंडा, गढी, गोस्वाराका बडाहाकिमको इजाजत बेगर बिदा दिन लिन नपाउने र बिदा दिनैपर्ने आवश्यक परेमा बडाहाकिमले हेरी मुनासीब बिदाको स्वीकृति दिने र त्यसको विवरण तुरुन्त राज्यव्यवस्थामा पठाउने।

आज्ञाले—
माणिकलाल,
का. मु. सेक्रेटरी,—प्र. म. राज्यव्यवस्था.

गोरखापत्र छापाखानामा मुद्रित। सरदार विष्णुध्वज जोशी.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।